"न्यायपालिकाको स्वतन्त्रताः न्यायिक सुशासन हाम्रो प्रतिबद्धता"

# बागलुङ जिल्ला अदालत

## बागलुङ

गण्डकी प्रदेश

पत्र संख्याः- ०८१/८२

चलानी नः- ०८१-६२-००

प्रशासन शाखा

मितिः-२०८१।१२।१२

ने.सं. ११४५ चिल्लागा, ११ मंगलबार

**सूचना ! सूचना !! सूचना !!!**

**विषयः दोभाषे सम्बन्धी सूचना।**

**दोस्रो पटक सूचना प्रकाशित मितिः२०८१।१२।१२**

यस अदालतमा सेवा लिन आउने विभिन्न मातृभाषा बोल्ने तथा राम्रोसँग नेपाली भाषा बोल्न र बुझ्न नसक्ने सेवाग्राहीका लागि न्यायमा समान पहुँच पुऱ्याई दोभाषे मार्फत सम्बन्धित सेवाग्राहीको मातृभाषालाई नेपाली भाषा र नेपाली भाषालाई मातृभाषामा उल्था गरी सेवा प्रदान गर्ने प्रयोजनार्थ अदालतको काम कारवाहीमा दोभाषे सेवाको प्रयोग सम्बन्धी निर्देशिका, २०७२ को दफा ४ बमोजिम तपसिलमा उल्लिखित योग्यता भएका इच्छुक व्यक्तिहरुबाट दोभाषेको सूचिमा नाम सूचिकृत गराउने प्रयोजनार्थ मिति २०८१।१२।१२ गतेको निर्णयानुसार दोस्रो पटक प्रस्तुत सूचना प्रकाशन गरिएको छ।

आवश्यक योग्यताहरुः

१. उम्मेदवारको योग्यताः

क) मौखिक रुपमा उल्था गर्ने भाषा राम्रोसँग लेख्न बोल्न जान्ने

ख) सरकारी कामकाजको भाषा राम्रोसँग बोल्न लेख्न जान्ने

२. उल्था गर्नुपर्ने भाषाः

क) मगर

ख) चाईनिज/फ्रेन्च/स्पेनिस/रसियन/अरबी

ग) नेवारी

घ) अंग्रेजी

३. दोभाषेको पारिश्रमिकः तोकिए बमोजिम

४. दरखास्त दिने अवधिः सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र

५. निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरुः

क) नेपाली नागरिकताको प्रतिलिपी १ प्रति /पासपोर्ट साईजको फोटा २ प्रति

ख) शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपी (उपलब्ध भएसम्म) १/१ प्रति

☎ ०६८-५२०२४२ मेलमिलाप गरौ, विवाद नबढाऔं । Email:info.dcbaglung@supremecourt.gov.np
"असमर्थ पक्षलाई निःशुल्क कानूनी सेवा उपलब्ध छ ।"admin.dcbaglung@supremecourt.gov.np
website:- "http://www.supremecourt.gov.np/court/baglungdc"